आज मिति २०७७।०३।०२ गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामुसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जप्री |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

### मिति २०७७।०३।०२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश, नक्टाझिज, धनुषाबाट अनुरोध भए बमोजिम विपद व्यवस्थापन सामाग्री उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.२) दंगा नियन्त्रण प्रहरी गण जनकपुरको मिति २०७६।०५।२० को पत्रबाट अनुरोध भए बमोजिम उक्त गणको कार्यालय हाल मि.न.पा. वडा नं.६ ढल्केवर, धनुषा स्थित सडक डिभिजिन शाखा कार्यालयको भवनमा संचालन गर्दै आएकोमा उक्त कार्यालय परिसरमा अवस्थित भवनहरु जिर्ण अवस्थामा रहेको, झ्याल ढोका समेत भत्किएको तथा जस्ताको छाना समेत चुहिने अवस्थामा रहेको हुंदा मर्मत सम्भारको लागि आवश्यक सहयोग उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.३) यस अघि न.पा. को कार्यालय रहेको घर भाडा रु.३०,५००।- र कार्यपालिकाको बैठकको लागि चिसो पेय पदार्थ उपलब्ध गराएको भनी किराना पसलको बील बमोजिम रु.१२,०२०।- समेत गरी जम्मा रु.४२,५२०।- भुक्तानीको लागि माग भएकोमा घर भाडा वापतको रु.३०,५००।- सम्झौता बमोजिम भुक्तानी भएको र किराना पसलको बील बमोजिम भुक्तानी माग भएको रु.१२,०२०।- भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) यस मिथिला नगर कार्यपालिकाको बैठकमा खाना खाजा वापत मिति २०७६।०९।१० सम्ममा भएको जम्मा खर्च भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) आ.व. २०७५/०७६ को लेखा परीक्षणका प्रतिवेदनमा औल्याईका बेरुजुहरु फछ्यौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६) मि.न.पा. वडा नं.६ मा अवस्थित सार्वजनिक शौचालयको टंकी असिना पानीले फुटाएको हुनाले १ थान हिल टंकी उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं.७) यस नगर कार्यापालिकाको मिति २०७७।०२।१८ को निर्णय बमोजिम जय बजरङ्ग वालुवा प्रशोधन केन्दलाई २०७७ जेठ २५ भित्र दोस्रो किस्ताको बांकी रकम दाखिला गर्नको लागि लेखि पठाएकोमा उक्त केन्द्रबाट बैंक जमानतको म्याद नोभेम्बर १६, २०२० सम्मको लागि थप तीन महिना म्याद थप गरि यस न.पा.मा जानकारी गराएको हुंदा उक्त केन्द्रबाट तत्काल रकम असुल गर्ने वा रकम दाखिला गर्ने म्याद केही समयको लागि थप गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.८) वन तथा वातावरण संरक्षण अभिमुखीकरण तालिम कार्यक्रम संचालन गर्न तराई निजि तथा सार्वजनिक वन स्रोत प्रवर्धन तथा ग्रामिणि विकास संस्था (TPFDA) बाट प्राप्त प्रस्तावका सम्बन्धमा ।

प्रस्ताव नं.९) यस न.पा.कार्यालयको व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरे वापत सम्झौता बमोजिमको रकम योगदेन मिडिया प्रा.लि., काठमाडौंलाई भुक्तानी दिने सम्बन्धमा ।

प्रस्ताव नं.१०) यस न.पा.को राजश्व परामर्श समितिको बैठकबाट प्राप्त भएका प्रस्तावहरुका सम्बन्धमा ।

प्रस्ताव नं.११) बटेश्वर न.पा. स्थित ब्रम्हकुमारी राजयोग उपसेवा केन्द्रको भवन निमार्ण कार्यको लागि अनुदान सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.१२) यस न.पा.को रिक्त रहेको कार्यालय सहयोगी पदमा कामकाज लगाउने सम्बन्धमा ।

प्रस्ताव नं.१३) जर्मनीको फस्ट लेडि भ्रमणको तयारीमा यस न.पा. र युनिसेफको संयुक्त सहभागीतामा सञ्चालन भएको कार्यक्रमको रकम भुक्तानी गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१४) प्रदेश सरकार मार्फत प्राप्त हुने समपुरक तथा विशेष अनुदानको लागि यस न.पा. बाट आयोजना स्वीकृतिका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखि पठाइएको हुंदा सो कार्यको अनुमोदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१५) डिप ट्युवेल बोरिङ्ग, डिप बोरिङ्ग, पावर डिप स्यालो ट्युवेल, ओभरहेड टंकी निर्माण, डिप ट्युवेल लगायत जटिल प्रकृतिका कार्य उपभोक्ता समिति मार्फत सञ्चलान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.१६) आगामी आ.व.२०७७।०७८ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तयार गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा सशस्त्र प्रहरी बल नेपाल सुरक्षा वेश, नक्टाभिज, धनुषाबाट विपद व्यवस्थापन गर्नको लागि आवश्यक सामाग्रीहरु उपलब्ध गराउन अनुरोध भएकोमा उक्त सामाग्रीहरु खरिद गरि यस न.पा.कार्यालयको विपद व्यवस्थापन समितिको जिम्मामा रहने गरि व्यवस्थापन गर्ने र सशस्त्र प्रहरी बल लगायत अन्य आधिकारिक निकायहरुबाट विपद व्यवस्थापनको लागि सामाग्रीहरु उपलब्ध गराउन माग भै आएमा यस न.पा.को निर्णय बमोजिम उक्त सामाग्रीहरु पुनः यस न.पा.मा फिर्ता बुझाउने गरी उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा दंगा नियन्त्रण प्रहरी गण जनकपुरको मिति २०७६।०५।२० को पत्रबाट उक्त गणको कार्यालय हाल मि.न.पा. वडा नं.६ ढल्केवर, धनुषा स्थित सडक डिभिजिन शाखा कार्यालयको भवनमा संचालन गर्दै आएकोमा उक्त कार्यालय परिसरमा अवस्थित भवनहरु जिर्ण अवस्थामा रहेको, झ्याल ढोका समेत भत्किएको तथा जस्ताको छाना समेत चुहिने अवस्थामा रहेको हुंदा मर्मत सम्भारको गर्न सहयोगको लागि अनुरोध भएको हुंदा मर्मत सम्भारको लागि आवश्यक सामाग्रीहरु तहां गण मार्फत नियमानुसार खरिद गरि यस न.पा.मा बिल बमोजिमको रकम भुक्तानीको लागि माग भएमा सरकारी अर्ध सरकारी कार्यालय सुदृढिकरण शिर्षकबाट रु.५,००,०००।- (अक्षरेपी पांच लाख मात्र) सम्म सहयोग उपलब्ध गराउने निणय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस अघि न.पा. को कार्यालय रहेको घर भाडा रु.३०,५००।- र कार्यपालिकाको बैठकको लागि चिसो पेय पदार्थ उपलब्ध गराएको भनी किराना पसलको बील रु.१२,०२०।- समेत गरी जम्मा रु.४२,५२०।- भुक्तानीको लागि माग भएकोमा घर भाडा वापतको रु.३०५००।- सम्झौता बोजिम भुक्तानी भएको र किराना पसलको बील बमोजिम भुक्तानी माग भएको रु.१२,०२०।- मध्ये रु.९०००।- (नौ हजार मात्र) विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा मिथिला नगर कार्यपालिकाको बैठकमा मिति २०७६ श्रावण महिना देखि २०७६ पौष महिनासम्म खाना खाजा वापत भवानी होटेल एण्ड गेष्ट हाउस, ढल्केवर, धनुषाको बिल बमोजिम लागेको रकम विविध खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.५) प्रस्ताव नं.५ मा छलफल गर्दा आ.व. २०७५/०७६ को लेखा परीक्षण प्रतिवेदनमा औल्याईका बेरुजुहरु नियमानुसार हुने गरी पेश्की फछ्यौट गर्न लगाउने, खर्चहरु नियमित गर्ने/गराउने र बेरुजु रकमहरु उसुल उपर गर्ने/गराउने कार्यलाई प्रभावकारी बनाउन सम्बन्धित कर्मचारीहरु तथा प्रत्येक वडा कार्यालयका अध्यक्षज्यूहरुबाट समेत आवश्यक सहयोग र समन्वय गर्ने प्रतिवद्धता जाहेर भएको हुंदा बेरुजू फछ्र्यौट कार्य तदारुकताका साथ सूचारु गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.६) प्रस्ताव नं.६ मा छलफल गर्दा मि.न.पा. वडा नं.६ मा अवस्थित सार्वजनिक शौचालयको टंकी असिना पानीले फुटाएकोले उक्त वडा कार्यालयलाई १ थान हिल टंकी (१००० लि.) पूर्ण सरसफाई कार्यक्रम शिर्षकबाट खरिद गरि उपलब्ध गराउने निर्णय पारित गरियो ।

०७६/३/२

निर्णय नं.७) प्रस्ताव नं.७ मा छलफल गर्दा यस न.पा. कार्यपालिकाको मिति २०७७।०२।१८ को निर्णय बमोजिम जय बजरङ्ग वालुवा प्रशोधन केन्दलाई २०७७ जेठ २५ भित्र दोस्रो किस्ता वापतको रकम दाखिला गर्न लेखि पठाइएकोमा उक्त केन्द्रबाट बैंक जमानतको म्याद नोभेम्बर १६, २०२० सम्मको लागि थप तीन महिना म्याद थप गरेको साथै निजले यस ना.पा.मा बुझाउनु पर्ने रकम मिनाह गरिपाउं भनी दिनु भएको निवेदन आवश्यक निर्देशन र परामर्शको लागि प्रदेश सरकार र जि.स.स.मा लेखि पठाइएको हुंदा उक्त प्रशोधन केन्द्रलाई दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ आषाढ २० गते सम्मको लागि थप गर्ने र उक्त अवधि भित्र रकम दाखिला नगरेमा निजको बैंक जमानतको रकम मध्येबाट उसुल उपर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.८) प्रस्ताव नं.८ मा छलफल गर्दा वन तथा वातावरण संरक्षण अभिमुखीकरण तालिम कार्यक्रम संचालन गर्न तराई निजि तथा सार्वजनिक वन स्रोत प्रवर्धन तथा ग्रामिण विकास संस्था (TPFDA) बाट प्राप्त प्रस्तावको सम्बन्धमा यस न.पा.को योजना शाखा मार्फत उक्त कार्यक्रम संचलान गर्न नियमानुसार प्रकिया सूरु गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.९) प्रस्ताव नं.९ मा छलफल गर्दा यस न.पा.कार्यालयको व्यवस्थापन सर्वेक्षण प्रतिवेदन तयार गरे वापतको रकम रु.५,००,०००।- योगदेन मिडिया प्रा.लि., काठमाडौंलाई नियमानुसार हुने गरी सेवा तथा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय पारित गरियो सम्बन्धमा ।

निर्णय नं.१०) प्रस्ताव नं.१० मा छलफल गर्दा यस न.पा.को राजश्व परामर्श समितिको बैठकबाट प्राप्त भएका सुझाव तथा परामर्श बमोजिम आगामी आ.व.२०७७।०७८ देखि लागु हुने गरी राजश्व सम्बन्धी संशोधन गरिएका प्रावधानहरु आगामी नगरसभाबाट अनुमोदन गराई सार्वजनिक गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.११) प्रस्ताव नं.११ मा छलफल गर्दा बटेश्वर न.पा. स्थित ब्रम्हकुमारी राजयोग उपसेवा केन्द्रको भवन निमार्ण कार्यको लागि मिति २०७७।३।२ को पत्रबाट अनुदान सहयोग माग भएकोमा उक्त केन्द्रलाई मठ, मन्दिर, गुम्बा, चर्च, मस्जिदको भौतिक निर्माण शिर्षकबाट रु.१०,०००।- (अक्षरेपी दश हजार मात्र) सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.१२) प्रस्ताव नं.१२ मा छलफल गर्दा यस न.पा. को कार्यालय सहयोगी श्री महोमद वकिल मिति २०७६।१२।१४ देखि लागु हुने गरि अवकाश भएको हुंदा उक्त पद रिक्त रहेको र यस न.पा.को लागि एक जना कार्यालय सहयोगी अत्यन्त आवश्यक भएको हुंदा मिथिला न.पा. वडा नं. ८, ढल्केवर निवासी श्री कामेश्वर महतोको छोरा श्री कृष्ण कुमार महतोको निवेदन र नगर प्रमुखज्यूको तोक आदेश बमोजिम श्री कृष्ण कुमार महतोलाई मिति २०७७।०२।०१ देखि २०७७ आषाढ मसान्तसम्मको लागि दैनिक हाजिरि फाराम भराई जिल्ला दररेट अनुसारको दैनिक ज्याला दिई कामकाजमा लगाउने निर्णय पारित गरियो ।

निर्णय नं.१३) प्रस्ताव नं.१३ मा छलफल गर्दा जर्मनीको फस्ट लेडी भ्रमणको तयारीमा यस न.पा. र युनिसेफको संयुक्त लागत सहभागीतामा संचालन भएको कार्यक्रमको जम्मा रु.१०,१७,०५६।५० (अक्षरेपी दश लाख सत्र हजार छपन्न र पैसा पचास मात्र) युनिसेफको पत्र बमोजिम यस न.पा.को खानेपानी तथा सरसफाई शिर्षकबाट नियमानुसार हुने गरी भुक्तानी गर्ने निर्णय पारित गरियो ।

०७७।३।२

निर्णय नं.१४) प्रस्ताव नं.१४ मा छलफल गर्दा प्रदेश सरकार मार्फत प्राप्त हुने समपुरक तथा विशेष अनुदानको लागि यस न.पा. बाट वडा नं. २ मा (RCC) पक्की नाला निर्माण-समपुरक अनुदान जम्मा रु.६७,००,०००।- र वडा नं. १० प्रगति टोलमा (PCC) ढलान निर्माण-विशेष अनुदान जम्मा रु.५०,००,०००।- (प्रदेश सरकारबाट ६० र लागत साझेदारी ४० प्रतिशत) को आयोजना स्वीकृतिका लागि प्रदेश लेखा नियन्त्रक कार्यालयमा लेखि पठाइएको हुंदा सो कार्यको अनुमोदान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१५) प्रस्ताव नं.१५ मा छलफल गर्दा डिप ट्युवेल बोरिङ्ग, डिप बोरिङ्ग, पावर डिप स्यालो ट्युवेल, ओभरहेड टंकी निर्माण, डिप ट्युवेल लगायत जटिल प्रकृतिका कार्य सञ्चालन गर्न आवश्यक पर्ने प्रारम्भिक तयारीहरु उपभोक्ता समितिहरुबाट भैसकेको र अन्य प्रकृयाबाट कार्यान्वयन गर्न हाल कोभिढ १९ को कारण देश व्यापी लकडाउनको अवस्थाले गर्दा सम्भव हुने नदेखिएकोले यस पटकको लागि मात्र उक्त जटिल प्रकृतिका कार्यहरु उपभोक्ता समिति मार्फत सञ्चलान गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.१६) प्रस्ताव नं.७ मा छलफल गर्दा आगामी आ.व.२०७७।०७८ को बजेट, नीति तथा कार्यक्रम तयार गर्नको लागि आवश्यक छलफल गर्न मिति २०७७ आषाढ १० गते नगर सभा शुभारम्भ गर्ने र उक्त अवधि भित्र सबै शाखा प्रमुख तथा वडा कार्यालयहरुबाट आ-आफ्नो क्षेत्रको कार्यक्रम तयारी गरिसक्ने निर्णय पारित गरियो ।

077/3/12